# सुनकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पाङ्ग्रेटार, सिन्धुपाल्चोक**

(कृषि, पशु तथा सहकारी विकास शाखा)

**बागमती प्रदेश**


**प्रथम पटक प्रकाशित मिति:२०८२।०९।१३**

## अनुदानमा दुग्ध डेरी सामग्रीका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा सुनकोशी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ का लागि नेपाल सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गत यस गाउँपालिकाले दुग्ध डेरी सामग्री तथा अन्य उपकरण वितरणका लागि सुनकोशी गाउँपालिका भित्र दर्ता भइ हाल संचालनमा रहेका सक्रिय दुध डेरीहरु लाई न्यूनतम २५ प्रतिशत लागत साझेदारीका आधारमा वितरण गर्ने निर्णय भएको हुनाले इच्छुक दुध डेरी/ डेरी संचालक समूह/ डेरी संचालक सहकारीहरूले तल उल्लेखित मापदण्ड र कागजातसहित १५ दिन भित्र आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ साथै सूचना भन्दा पहिले परेका आवेदनहरु लाई पनि यसै सूचनामा सामेल गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

**क) लाभग्राही छनोटका मापदण्ड :**

१. गाउँपालिकामा दर्ता भएका डेरी/ समूह वा सहकारी हुनुपर्ने ।

२.न्यूनतम २५ प्रतिशत साझेदारी रकम गाउँपालिकाको राजश्व खातामा जम्मा भएको भुक्तानी रसिद पेश गरेको हुनुपर्ने ।

३. अघिल्लो वर्ष यस्तो प्रकृतिका कार्यक्रमबाट लाभ नलिएका डेरी/ समूह/ सहकारी लाई प्राथमिकता दिइनेछ ।

४ . अन्य मापदण्ड कार्यक्रम कार्यन्वयन समितिले तोके बमोजिम हुनेछ ।

**ख) आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

१. डेरी/ समूह वा सहकारी दर्ता प्रमाणपत्र  र समूह वा सहकारीको निर्णयको प्रतिलिपि ।

२. स्थायी लेखा नम्वर, कर चुक्ता र लेखा परीक्षण प्रतिवेदन ।

३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

४. डेरी/ समूह वा सहकारीको नाममा खाता सहित सुनकोशी गाउँपालिकाको कार्यालयमा अनिवार्य रुपमा व्यवसाय दर्ता गरेको हुनु पर्नेछ । साथैं, स्थानीय तह स्थापना हुनु अगाडी घरेलु कार्यालयमा दर्ता भएका डेरी/ समूह वा सहकारीहरुलाई पनि सोही अनुसार मानिनेछ ।

५. साझेदारी रकम जम्मा भएको राजश्व रसिद ।

६. संक्षिप्त कार्य-योजना (अनुसूची -३ अनुसार)

७. लागत प्रतिवद्धता-पत्र (अनुसूची-४ अनुसार)

नोट: थप जानकारीको लागि कृषि तथा पशु सेवा शाखा : ९८६१८४२३५८, ९८६१३०३५८६

प्रमुख प्रशासकीय अधिकृत

**हरेन्द्र चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**


फोन नं. :(+९७७) -०११-४८२२०८

इमेल: sunkoshiruralmun@gmail.comबेवसाईट:https://www.sunkoshimun...

## अनुसूची- ३

## संक्षिप्त कार्ययोजना

१. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण

| क्र.सं. | क्रियाकलाप | परिणामदर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु.( न्यूनतम २५%) | स्थानीय तहको साझेदारी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य: डेरी सामग्री वितरण प्राबिधिकको प्रतिबेदन अनुसार लागत गाउँपालिकाले तोके बमोजिम हुने छ। पेश भएको वा सम्झौता भएको निबेदन र प्राबिधिक प्रतिबेदन फरक वा कम हुने भएमा प्राबिधिक निबेदन अनुसार हुनेछ।

......................................

कार्यक्रम पेश गर्ने

नाम :-

ठेगाना :-

सम्पर्क नं. :-

# अनुसूची - ४

## लागत प्रतिवद्धता तथा स्वघोसणा- पत्र

सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति:२०८२।   ।    गते प्रकाशित सूचना अनुसार सुनकोशी गाउँपालिका वडा नं......... टोल.......................................................मा रहेको श्री...........................................................फर्म/कृषि-समूह/सहकारीको अध्यक्ष/प्रोपाइटर ...................................................ले सुनकोशी गाउँपालिकाको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमसिलता कार्यक्रम अन्तर्गत "..............................................."कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले प्रस्ताव अनुसार न्यूनतम २५ प्रतिशतले हुन आउने रकम बराबरका लगानी आफ्नो आन्तरिक श्रोतबाट ब्यहोरी कार्यक्रम सञ्चाल गर्न प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं।

साथै, बिगतका वर्षमा यस प्रकृतिका कुनै पनि कार्यक्रम मार्फत गाउँपालिकाबाट अनुदान नपाएको समेत घोषणा गर्दछु/गर्दछौं। यदी पाएको भएमा नियम अनुसार सम्पूर्ण कारवाही बेहोर्न तयार छु/छौं।

निवेदक

दस्तखत:-

नाम:-

पद:-

संस्था:-

ठेगाना:-

मिति:-

संस्थाको छाप:-